# न्यायिक समितिको

# वार्षिक प्रतिवेदन, २०७७

गाउँसभामा पेश मितिः २०७८/०३/१०

त्रिवेणी गाउँपालिका

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

# त्रिवेणी गाउँपालिकाको
# न्यायिक समितिको वार्षिक प्रतिवेदन - २०७७

**गाउँसभामा प्रस्तुत मितिः २०७८/०३/१०**

**सम्मानित गाउँसभाका अध्यक्ष महोदय,**

**एवम् उपस्थित सम्पूर्ण सदस्यज्यूहरू,**

नेपालको संविधानको धारा २१७ मा भएको व्यवस्था बमोजिम यस त्रिवेणी गाउँपालिका, रोल्पामा गाउँपालिका उपाध्यक्ष श्री सावित्रा कुमारी बुढा (घर्ती) ज्यूको संयोजकत्वमा २ नं. वडा अध्यक्ष श्री कविराज बुढा तथा ५ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर के.सी. सदस्य रहेको तीन सदस्यीय न्यायिक समिति रहेको कुरा सर्वविदित नै छ । सिमित स्रोत साधन, दक्ष कानूनी जनशक्ति तथा प्रयाप्त तालिमको अभावका बाबजुत पनि यस न्यायिक समितिले आफ्नो स्थापनाकालदेखि नै नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको अधिकार क्षेत्र तथा न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ को अधिनमा रही विभिन्न विषयमा प्राप्त भएका विवाद तथा मुद्दाहरूको मेलमिलापका माध्यमबाट निरूपण गर्न सफल रहेको छ । यसै सन्दर्भमा गत वर्ष २०७७ मा यस न्यायिक समितिका न्याय सम्पादन सम्बन्धी उल्लेखनीय गतिविधिहरू समावेश गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ दफा ५३ को उपदफा (२) बमोजिम तयार गरिएको वार्षिक प्रतिवेदनलाई सम्मानित सभासमक्ष पेश गर्ने अनुमति चाहान्छु ।

१. न्यायिक समितिमा प्राप्त भएका, किनारा लागेका तथा छलफल हुन बाँकी उजुरीहरूको विवरण तपसिल अनुसार रहेको छ-

| क्र. स. | प्राप्त भएका उजुरीहरूको | | किनारा लागेका उजुरी संख्या | टुङ्गो लाग्न बाँकी उजुरी संख्या | माथिल्लो निकायमा सिफारिस संख्या |
|---|---|---|---|---|---|
| | विवरण | संख्या | | | |
| १ | सम्बन्ध विच्छेद | ० | ० | ० | ० |
| २ | रकम तथा सम्पति हिनामिना | २ | २ | ० | ० |
| ३ | घरयासी तथा पति पत्नीको विवाद | ७ | ५ | १ | १ |
| ४ | झै झगडा | ० | १ | ० | ० |
| ५ | खानेपानी विवाद | २ | २ | ० | ० |
| ६ | जग्गा तथा बाटो विवाद | ३ | २ | १ | ० |
| ७ | अन्य | १ | ० | १ | ० |
| जम्मा | | १५ | १२ | २ | १ |

२. अब म वडा कार्यालयहरूमा प्राप्त भएका, किनारा लागेका तथा बाँकी उजुरीहरूको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु, जुन तपसिल अनुसार रहेको छ-

| वडा नं. | प्राप्त भएका उजुरीहरूको संख्या | किनारा लागेका उजुरी संख्या | किनारा लाग्न बाँकी उजुरी संख्या | माथिल्लो निकायमा सिफारिस गरिएको उजुरी संख्या | उजुरी प्राप्त भए तापनि समाज मै मिलापत्र भएका |
|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० |
| २ | १७ | ५ | १० | ० | २ |
| ३ | १३ | ६ | ६ | १ | ० |
| ४ | ३३ | २० | ० | ० | १३ |
| ५ | १० | ६ | ४ | ० | ० |
| ६ | १४ | ११ | २ | १ | ० |
| ७ | १५ | १० | ५ | ० | ० |
| जम्मा | १०२ | ५८ | २७ | २ | १५ |

३. लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान सातवटै वडामा र्याली, सेतो रिबन वितरण तथा महिला हिंसाका सम्बन्धमा व्यापक प्रचारप्रसार गरी मनाइएको छ । साथै महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा अन्य लक्षित वर्गको हक अधिकार र न्यायसँग सम्बन्धित विविध दिवसहरू सम्पन्न गरिएको छ ।

४. कोभिड-१९ को महामारीबाट उत्पन्न भएको असहज परिस्थिति तथा निषेधाज्ञा लम्बिदै जाँदा मेलमिलापकर्ताको रूपमा सुचीकृत हुनका लागि सातवटै वडाहरूबाट विवरण संकलन गरी मेलमिलापकर्ताको छनौट समेत गरेर तालिम सञ्चालनको मिति तोकिसकिएको अवस्थामा पनि मेलमिलाप केन्द्रको गठन तथा मेलमिलापकर्ता तालिम कार्यक्रम सञ्चालन गर्न सकिएन ।

५. न्यायिक समितिको दुईकोठे पक्की इजलास भवनको निर्माण कार्य सम्पन्न गरिएको छ । यसबाट आगामी दिनमा न्याय सम्पादन, द्विपक्षीय छलफल तथा मिलापत्र लगायतका कार्य अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ । हिंसा पिडित महिला तथा बालकालिकाहरूको लागि वडा नं. ५ मा पालिकास्तरीय सेफ हाउसको निर्माण कार्य सम्पन्न गरी आवश्यक सामग्रीको व्यवस्थापन सम्पन्न गरिएको छ ।

६. माहुरी होम लगायतका गैरसरकारी संघसंस्थाहरूसँगको साझेदारीमा न्यायिक निकायमा पहुँच स्थापना तथा न्याय प्राप्तिमा महिला, दलित, पिछडिएको वर्ग तथा समुदायको पहुँच अभिवृद्धिको लागि विभिन्न चेनतामूलक तथा जानकारीमूलक कार्यशाला, अभिमुखिकरण कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

७. न्यायिक सेवा प्रवाहको अवस्था मूल्यांकनको लागि सामुदायिक अंक-पत्र अन्तरसम्वाद कार्यक्रमको आयोजना गरिएको छ ।

**गाउँसभाका अध्यक्ष महोदय एवं उपस्थित सम्पूर्ण सदस्यज्यूहरू,**

अन्त्यमा, न्यायिक समितिको न्याय सम्पादन सम्बन्धी काम कारबाहीहरूलाई अझ प्रभावकारी एवं जनमुखी बनाई समाजमा शान्ति, अमनचयन र सद्भाव कायम राख्न, विवादलाई द्वन्दमा रूपान्तरण हुनबाट रोक्न, द्वन्दबाट हुनसक्ने सम्भावित मानवीय, आर्थिक, भौतिक तथा सामाजिक क्षती हुन नदिन र सबैलाई समान न्यायको वातावरण स्थापित गर्न समिति पूर्ण प्रतिवद्ध रहेको जानकारी सम्मानित सभालाई गराउँदै समितिबाट हालसम्म भएका न्यायिक निरूपण तथा न्यायिक गतिविधिहरूलाई प्रभावकारी बनाउन सहयोग गर्नुहुने सातवटै सम्पूर्ण जनप्रतिनिधि, वडा कार्यालयहरू, कर्मचारी, सुरक्षाकर्मी, राजनैतिक दल, विभिन्न सरोकारवाला संघसंस्था, आमा समूह, महिला समूह लगायत सम्पूर्ण त्रिवेणीबासी आमाबुबा, दाजुभाई तथा दिदिबहिनीहरूको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्न चाहन्छु साथै आगामी दिनमा पनि पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद ।**

सावित्रा कुमारी बुढा (घर्ती)
संयोजक
न्यायिक समिति, त्रिवेणी गाउँपालिका, रोल्पा